लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
रासी उपत्यका (देउखुरी), नेपाल

# अर्ध वार्षिक प्रगति प्रतिवेदन (आर्थिक वर्ष २०८०/८१)

## पृष्ठभूमि

कृषि तथा भूमि व्यवस्था मन्त्रालय मातहतका कार्यालयहरूको चालू आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासिक तथा अर्ध वार्षिक अवधिमा सम्पादन भएका प्रगति समीक्षा गर्न यस मन्त्रालय मातहतका दुई निर्देशनालय कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आयोजनामा मिति २०८०।११।०१ गतेका दिन एशिएन होटल मिलनचोक बुटवल रूपन्देहीमा **चालू आर्थिक वर्षको दोस्रो त्रैमासिक तथा अर्ध वार्षिक प्रगति समीक्षा गोष्ठी** सञ्चालन गरिएको थियो। कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको संयुक्त आयोजनामा भएको उद्घाटन सत्रको अध्यक्षता कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव डा. नम्रता सिंहले गर्नु भएको थियो भने कार्यक्रममा प्रमुख अतिथि माननीय मन्त्री भण्डारी लाल अहिरको सहभागिता रहेको थियो। यस कार्यक्रममा प्रदेश योजना आयोगका सचिव श्री याम नारायण देवकोटाको विशेष आतिथ्यता रहेको थियो।

कार्यक्रममा कृषि विकास निर्देशनालयका निमित्त निर्देशक श्री राम प्रसाद पाण्डे, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निमित्त निर्देशक डा. प्रवेश सिंह कुँवर, कृषि अनुसन्धान निर्देशनालय खजुराका निर्देशक डा. समीद अहमद, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजन समन्वय एकाइ भैरहवाका श्री सुदीप देवकोटा, कृषि सामाग्री संस्थानका श्री सुमन पन्थी, साल्ट ट्रेडिङ कर्पोरेसन लि., भैरहवाका श्री देवराज भट्टराई र पशुपन्छी रोग अन्वेषण प्रयोगशाला पोखराका प्रमुख डा. किरण पाण्डेले कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रमको उद्घाटन सत्रको सञ्चालन कृषि विकास निर्देशनालयका बागवानी विकास अधिकृत श्री सुनैना बरैलीद्वारा भएको थियो।

उद्घाटन सत्र पश्चात् कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मातहतका कार्यालयहरूको समीक्षा गोष्ठी अलग-अलग हलमा सञ्चालन गरियो। दुवै निर्देशनालयको समीक्षा पश्चात् पुनः संयुक्त रूपमा कार्यक्रमको समापन गरिएको थियो। समापन सत्रको सञ्चालन पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका अधिकृत श्री ऐश्वर्या आचार्यद्वारा भएको थियो।

## *मन्त्रालयको परिचय र कार्यक्षेत्र*

### *परिचय*

तत्कालीन प्रदेश नं. ५, प्रदेश सरकार (कार्य विभाजन)) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको नाम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय रहेकोमा मिति २०७८।०१।०६ को कार्य विभाजन नियमावली बमोजिम यस मन्त्रालयको नाम परिवर्तन भइ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय भएको थियो। मिति २०७९।१०।२७ गतेको कार्य विभाजन नियमावली, २०७९ अनुसार यस मन्त्रालयको नाम परिवर्तन भइ कृषि तथा भूमि व्यवस्था मन्त्रालय रहेको छ।

कृषि, पशुपन्छी तथा भूमि व्यवस्थासँग सम्बन्धित कार्यजिम्मेवारी यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ। यस मन्त्रालयको "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" बनाउने आकांक्षालाई अङ्गीकार गर्दै मन्त्रालयले कृषि, पशुपालन, मत्स्य, भूमि क्षेत्रको वैज्ञानिक व्यवस्थापन, विकास तथा प्रवर्द्धनको अभिभारा लिएको छ। कुल ग्राहस्थ उत्पादनमा २३.९५ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसङ्ख्या आबद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो। कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस प्रदेशमा तराई र भित्री मधेस सहित एक तिहाइ खेतीयोग्य भूमि रहेको अवस्थामा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषिजन्य उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ। प्रदेशको प्रथम आवधिक योजनाको अन्त्यसम्ममा कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यात मूलक अवस्थामा पुर्याउने सोच अनुरूप नै यस क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ। उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगारी सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणका माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य रहेको छ।

## *दीर्घकालीन सोच*

प्रदेशको समग्र कृषि क्षेत्रको विकास तथा भू-उपयोग नीतिलाई आत्मसात गर्दै कृषि एवं पशुपन्छीजन्य उत्पादन/उत्पादकत्वको दिगो वृद्धि, यान्त्रिकीकरण, व्यावसायिकीकरण, बजारीकरण, विविधिकरण र आधुनिकीकरणका माध्यमबाट तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी यस क्षेत्रको रूपान्तरण गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता र रोजगारीको अवसर सृजना गर्ने।

## *उद्देश्य*

- कृषि उत्पादन, उद्यम प्रवर्द्धनका लागि प्रविधि र प्राविधिक सेवाको व्यावसायिक क्षमतामा विकास र सेवा प्रवाहमा विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक सामाजिक रूपान्तरणमा योगदान पुर्याउने।
- कृषि क्षेत्रमा गुणस्तरीय उत्पादन सामाग्री र आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।
- पशुपन्छी तथा मत्स्यपालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यावसायिक, प्रतिस्पर्धी एवं स्वच्छ, स्वस्थ पशुपन्छी उत्पादनको सुनिश्चितता एवं पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रूपमा विकास गर्ने।
- भूमिको वैज्ञानिक व्यवस्थापन, वर्गीकरण र समुचित उपयोग, संरक्षण र दिगो व्यवस्थापन गरी चक्लाबन्दी मार्फत व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुर्याउने।
- प्रदेशका कृषक पहिचान र वर्गीकरण गरी प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्ने।

## *रणनीति*

- कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने।
- कृषि क्षेत्रलाई लैङ्गिक मैत्री र समावेशीकरणका साथै आधुनिकीकरण, व्यवसायीकरण र औद्योगिकीकरण गरी रोजगारी र आय वृद्धि गर्ने।
- भूमिको खण्डीकरण रोकी कृषि भूमिको संरक्षण गर्ने।

(युवराज ढकाल)

- कृषि प्रविधि प्रसार प्रणालीलाई सबल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षणसँगको समन्वय र साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्ने।
- कृषि क्षेत्र (कृषि तथा पशुपन्छी)बाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रूपमा विकास गर्ने।
- पशुपन्छी तथा मत्स्यपालनलाई व्यावसायिक, प्रविधियुक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन उत्प्रेरित गर्दै बजार प्रवर्धन गर्ने।
- प्रदेशमा रहेका प्राकृतिक जलाशयको पहिचान गरी मत्स्य पालन व्यवसाय प्रवर्द्धन तथा विस्तार गर्ने।

*कार्यक्षेत्र*

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्:

१. कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।
२. कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवं महामारी नियन्त्रण।
३. कृषि औधोगिकीकरण र पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन।
४. कृषि तथा पशुपन्छी यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार।
५. कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन तथा कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान एवं विकास।
६. कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशुपन्छी उत्पादन सामग्री तथा बीउ बिजन एवं नस्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन।
७. प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य गुणस्तर र खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण एवम् जैविक प्रविधिको विकास र विस्तार।
८. कृषि मल, बीउ, विषादी, आपूर्ति व्यवस्था तथा नियमन, रैथाने बाली बस्तुको संरक्षण र प्रवर्द्धन।
९. कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण।
१०. कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन सहजीकरण गर्ने।
११. कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र सहजीकरण गर्ने।
१२. कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन।
१३. राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेट नियमन।
१४. सामूहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन।
१५. चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन।
१६. कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सूक्ष्म पोषण युक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन।

१७. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।

१८. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।

१९. जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।

२०. सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन।

२१. नाप नक्साका नियन्त्रण विन्दुहरूको स्थापना तथा सञ्चालन।

२२. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन।

२३. गरिब घर परिवार पहिचान, भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनः स्थापना सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

२४. सरकारी जग्गा भाडामा दिन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

२५. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन।

२६. गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय।

*संगठन संरचना तथा जनशक्ति विवरण*

यस मन्त्रालय अन्तर्गत निर्देशनालय २, कृषि ज्ञान केन्द्र ९, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ९, तालीम केन्द्र २, प्रयोगशाला ५, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ३, मत्स्य विकास फार्म १, कुखुरा विकास फार्म १, गरी कुल ३३ वटा कार्यालयहरू रहेका छन्। जसमध्ये साबिकका नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका र बाँकी ८ वटा प्रदेश सरकारको निर्णयबाट स्वीकृत भइ स्थापना भएका अस्थायी कार्यालयहरू रहेका छन्। नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी ४२७ मध्ये ८ वटा अस्थायी कार्यालयहरूका लागि ६९ (४२७ भित्र बाटै) जना अस्थायी दरबन्दी प्रदेश सरकारबाट स्वीकृत भएको छ।

यस मन्त्रालय तथा मातहतका कार्यालयमा भएको स्वीकृत दरबन्दी तथा पदपूर्तिको सम्बन्धी विवरण तालिका नम्बर १ मा प्रस्तुत गरिएको छ।

तालिका नम्बरः १

| सि.नं. | पद र तह | स्वीकृत दरवन्दी | पदपुर्ती | रिक्त |
|---|---|---|---|---|
| १ | प्रदेश सचिव | १ | १ | ० |
| १ | कृषि एघारौं | ३ | १ | २ |
| २ | कृषि नवौं/दशौं | ३५ | २० | १५ |
| ३ | इन्जिनियर (नापी) नवौं/दशौं | १ | १ | ० |
| ४ | प्रशासन नवौं/दशौ | २ | ० | २ |
| ५ | कृषि सातौं/आठौं | १०७ | ६५ | ४२ |

| सि.नं. | पद र तह | स्वीकृत दरवन्दी | पदपुर्ती | रिक्त |
|---|---|---|---|---|
| ६ | इन्जिनियर सातौं/आठौं कृषि | १ | १ | ० |
| ७ | कम्प्यूटर इन्जिनियर सातौं/आठौं | १ | ० | १ |
| ८ | प्रशासन सातौं/आठौं(प्रशासन) | ७ | २ | ५ |
| ९ | प्रशासन सातौं/आठौं(लेखा) | २ | २ | ० |
| १० | ईन्जिनियर सर्वे सातौं/आठौं | २ | १ | १ |
| ११ | कानुन अधिकृत रा.प. तृतीय | १ | १ | ० |
| १२ | ईन्जिनियर पाँचौं/छैठौं कृषि | १ | १ | ० |
| १३ | ईन्जिनियर पाँचौं/छैठौं सर्भे(नापी) | १ | १ | ० |
| १४ | इन्जिनियर पाँचौं/छैठौं (सिनियर मेकानिकल) | १ | ० | १ |
| १५ | प्रशासन पाँचौं/छैठौं (प्रशासन) | २० | १० | १० |
| १६ | प्रशासन पाँचौं/छैठौं (लेखा) | २० | ९ | ११ |
| १७ | कृषि पाँचौं/छैठौं | ८४ | ६४ | २० |
| १८ | विविध पाँचौं/छैठौं | ३ | ३ | ० |
| १९ | कृषि चौथो/पाँचौं | २० | १७ | ३ |
| २१ | प्रशासन चौथो/पाँचौं(प्रशासन) | १३ | ६ | ७ |
| २२ | प्रशासन चौथो/पाँचौं(लेखा)) | ६ | ४ | २ |
| २४ | सवारी चालक | २९ | २९ | ० |
| २५ | कार्यालय सहयोगी | ६६ | ६६ | ० |
| | कुल | ४२७ | ३०५ | १२२ |

## प्रगति समीक्षा कार्यक्रमको उद्देश्य

१. आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक तथा अर्ध-वार्षिक अवधिमा सम्पन्न कार्यक्रमहरूको बजेट खर्च र उपलब्धिको समीक्षा गर्ने।

२. कार्यक्रम सञ्चालनको क्रममा देखापरेका समस्याहरू र समाधानका लागि भएका प्रयासहरूको बारेमा जानकारी दिन र आगामी कार्यदिशा सम्बन्धमा मार्गदर्शन गर्न।

३. कार्यालयहरूबाट सम्पादन भएका राम्रा नविन अनुकरणीय कार्यहरू एक अर्का बीच हस्तान्तरण गर्ने।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

वित्तीय प्रगति

स मन्त्रालय र मातहतका कार्यालयहरूको चालू आर्थिक वर्षको अर्ध वार्षिक अवधिमा भएको वित्तीय प्रगति तालिका नम्बर २ मा प्रस्तुत गरिएको छ।

तालिका नम्बर २

| सि.नं. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालू | पुंजीगत | जम्मा | चालू | पुंजीगत | जम्मा | चालू | पुंजीगत | जम्मा |
| १ | ३१२०००११ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ६७२३० | ९८४५ | ७७०७५ | १६९७१ | २३ | १६९९४ | २५.२४ | ०.२३ | २२.०५ |
| २ | ३१२०००१२ | कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ५७४५२२ | ६०००० | ६३४५२२ | २३६१८ | १६ | २३६३४ | ४.११ | ०.०३ | ३.७२ |
| ३ | ३१२०००१३ | स्मार्ट कृषि गाउँ कार्यक्रम | ९४१५० | ० | ९४१५० | ३३५५ | ० | ३३५५ | ३.५६ | | ३.५६ |
| ४ | ३१२०००१४ | मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | ४८२५० | ७५ | ४८३२५ | २४६३ | १४९ | २६१२ | ५.१ | १९८.६७ | ५.४ |
| ५ | ३१२०००१५ | भूमि तथा गुठी व्यवस्थापन कार्यक्रम | २७३२६ | ४५०० | ३१८२६ | ७७९४ | ५७० | ८३६४ | २८.५२ | १२.६७ | २६.२८ |
| ६ | ३१२०००१८ | कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | २४२४९२ | ५२५० | २४७७४२ | ३७९३३ | ३३६ | ३८२६८ | १५.६४ | ६.३९ | १५.४५ |
| ७ | ३१२०००१९ | कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम | ५०० | ६०००० | ६०५०० | ० | ८७८६ | ८७८६ | ० | १४.६४ | १४.५२ |
| ८ | ३१२०००२१ | पशुपन्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | ४७०१३ | ० | ४७०१३ | ६२०८ | ० | ६२०८ | १३.२१ | | १३.२१ |
| ९ | ३१२०००२२ | कृषि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम कार्यक्रम | २१२३४ | ० | २१२३४ | ५४९८ | ० | ५४९८ | २५.८९ | | २५.८९ |
| १० | ३१२०१०११ | कृषि विकास निर्देशनालय | २६७१६ | २६०० | २९३१६ | १०७०५ | ३२ | १०७३७ | ४०.०७ | १.२१ | ३६.६२ |
| ११ | ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | १५१०६ | १९०४ | १७०१० | ५४२९ | १०८९ | ६५१८ | ३५.९४ | ५७.१८ | ३८.३२ |
| १२ | ३१२०१०१३ | माटो तथा मल परीक्षण प्रयोगशाला | ९०८६ | १७४ | ९२६० | ३०९० | ५२ | ३१४३ | ३४.०१ | ३०.११ | ३३.९४ |
| १३ | ३१२०१०१४ | बीउ विजन प्रयोगशाला | २१६३८ | २६१८ | २४२५६ | ८५१० | १५१८ | १००२८ | ३९.३३ | ५८ | ४१.३४ |



(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

| सि.नं. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालू | पुंजीगत | जम्मा | चालू | पुंजीगत | जम्मा | चालू | पुंजीगत | जम्मा |
| १४ | ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | ९३६५ | २४ | ९३८९ | २९३५ | २४ | २९५९ | ३१.३४ | १०० | ३१.५१ |
| १५ | ३१२०१०१६ | कृषि ज्ञान केन्द्रहरू | १८६३५८ | १३९६० | २००३१८ | ७१२०९ | १७४४ | ७२९५३ | ३८.२१ | १२.४९ | ३६.४२ |
| १६ | ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २०४६४ | २५० | २०७१४ | ७९७३ | ० | ७९७३ | ३८.९६ | ० | ३८.४९ |
| १७ | ३१२०२०१२ | पशु सेवा तालिम केन्द्र | १२८६५ | २२५० | १५११५ | ४७३४ | १३०४ | ६०३८ | ३६.८ | ५७.९४ | ३९.९५ |
| १८ | ३१२०२०१३ | कुखुरा विकास फार्म | ३०८२२ | १०२० | ३१८४२ | १५३९९ | १०० | १५४९९ | ४९.९६ | ९.८ | ४८.६८ |
| १९ | ३१२०२०१४ | मत्स्य विकास केन्द्र | १०९८८ | १०० | ११०८८ | ४५८७ | ० | ४५८७ | ४१.७५ | ० | ४१.३७ |
| २० | ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू | १७७९४५ | २२४२५ | २००३७० | ६३२२३ | २३५२ | ६५५७५ | ३५.५३ | १०.४९ | ३२.७३ |
| २१ | ३१२०२०१६ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरू | ५९३८५ | ८०० | ६०१८५ | २१५६८ | १७३ | २१७४१ | ३६.३२ | २१.६३ | ३६.१२ |
| २२ | ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (संघ शसर्त अनुदान) | ३१३०० | ० | ३१३०० | ० | ० | ० | ० | | ० |
| २३ | ३१२९११२४ | कृषि विभाग (संघ शसर्त अनुदान) | ३१७०० | ० | ३१७०० | १८५६ | ० | १८५६ | ५.८६ | | ५.८६ |
| २४ | ३१२९११२५ | पशु सेवा विभाग (संघ शसर्त अनुदान) | ५००० | ० | ५००० | १५३२ | ० | १५३२ | ३०.६५ | | ३०.६५ |
| | | कुल जम्मा | १७७१४५५ | १८७७९५ | १९५९२५० | ३२६५९० | १८२६८ | ३४४८५८ | १८.४४ | ९.७३ | १७.६ |

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
बुटवल उपत्यका (रुपन्देही), नेपाल

## प्रस्तुति

### कृषि विकास निर्देशनालयबाट प्रस्तुत विवरण

प्रस्तुत कार्यपत्रमा लुम्बिनी प्रदेशमा भएको कृषिको चिनारी, आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक तथा अर्ध-वार्षिक अवधिमा निर्देशनालय र मातहतका कार्यालयहरूको लक्ष्य बमोजिम भएको प्रगति, कुल विनियोजित बजेट, वित्तिय र भारित प्रगति, प्रकाशित सूचना अनुसार कार्यालयहरूमा पेश हुन आएका आवेदन संख्या, अनुदानग्राहीहरूको छनोट संख्या, कार्यान्वयन संख्या, बजेट खर्च, राजस्व संकलन, बेरुजू फछ्यौंटको अवस्था र नीति तथा बजेट वक्तव्यमा परेका कार्यक्रमहरूको मुख्य मुख्य उपलब्धिहरूको विषयमा निर्देशनालयका, नि. प्रमुख राम प्रसाद पाण्डेबाट प्रस्तुत भएको थियो। प्रस्तुतीकरण समावेश मुख्य मुख्य विषयहरू तल उल्लेख गरिएको छ।

### पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट प्रस्तुत विवरण

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा कृत्रिम गर्वाधारण कार्यक्रम, पशुपन्छी सँग सम्बन्धित स्मार्ट कृषि गाउँ कार्यक्रम, पशुपन्छी ब्लक विकास कार्यक्रम, लगायतका विभिन्न कार्यक्रमहरूको प्रगति, उपलब्धि तथा बर्तमान अवस्थाको विषयमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका प्रमुख डा. प्रवेज सिंह कुँवरद्वारा प्रस्तुति भएको थियो।

### कृषि अनुसन्धान निर्देशनालयबाट प्रस्तुत विवरण

प्रादेशिक कृषि अनुसन्धान निर्देशनालयमा बाली विशेष भएका जातिय परीक्षण, प्रर्द्धशन, उन्मोचन भएका जातहरू, उन्मोचनका लागि पाइपलाइनमा भएका जातहरू र अनुसन्धानमा बर्तमान अवस्थाको विषयमा अनुसन्धान निर्देशनालयका प्रमुख डा. समिद अहमदले प्रस्तुत गर्नु भएको थियो। उक्त कार्यपत्रमा नयाँ उन्मोचन विभिन्न बालीका जातहरू, मुख्य रोगहरू तथा निराकरणका उपायहरूको बारेमा सम्बन्धित विषय वस्तु समावेश गरिएको थियो।

### कृषि सामाग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कर्पोरेसन लि. प्रादेशिक कार्यालयबाट प्रस्तुत विवरण

लुम्बिनी प्रदेशमा रासायनिक मलको उपलब्धता र वितरण अवस्थाको बारेमा कृषि सामाग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कर्पोरेसन भैरहवाका नि. प्रमुख सुमन पन्थी र सहायक प्रवन्धक देवराज भट्टराईले प्रस्तुत गर्नु भएको थियो। उक्त कार्यपत्रमा लुम्बिनी प्रदेशमा आ.व. २०८०/८१ को लागि रासायनिक मल विक्रि वितरणको लक्ष्य, कोटा निर्धारण गरिएको परिमाण र अर्ध-वार्षिक अवधि सम्म विक्री वितरण गरिएको रासायनिक मलको परिमाण विवरण समावेश गरिएको थियो।

रासायनिक मल विक्री गर्ने विक्रेताहरूको संख्या र विक्रि परिमाण

| सि.नं. | नाम | विक्रेताहरूको संख्या | परिमाण (मे.टनमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | युरिया | डि.ए.पी. | पोटास | जम्मा |
| १ | कृषि सामाग्री कम्पनी | १२१६ | २३९२ | २६५८५. | ४२६ | ५४७६.५ |
| २ | साल्ट ट्रेडिङ | ९५० | १४१७८ | ९६६५ | | २३८४३ |
| जम्मा | | २१६६ | १६५७० | १२३२४ | ४२६ | २९३१९.५ |

## प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, प्रदेश समन्वय एकाइबाट प्रस्तुत विवरण

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा चक्लाबन्दी कार्यक्रम, कष्टम हाईरिङ्ग सेन्टर स्थापना, पोष्टहार्भेष्ट सेन्टर स्थापना, भण्डारण/प्राथमिक प्रशोधन तथा प्रशोधन उद्योग स्थापना, साना सिंचाई निर्माण, बीउ स्रोत केन्द्र स्थापना, पोखरी निर्माण, सिल्पोलिन सहित पोखरी सुदृढीकरण, मत्स्य ह्याचरी, सुन्तलाबाली, तरकारीबाली, कफिबाली लगायतका विभिन्न बालीहरूको क्षेत्र विस्तार कार्यक्रमहरूको प्रगति, उपलब्धि तथा बर्तमान अवस्थाको विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइका कृषि अधिकृत श्री सुदिप देवकोटाले प्रस्तुत गर्नु भएको थियो। उक्त प्रस्तुतिकरण लुम्बिनी प्रदेश अन्तर्गत विभिन्न जिल्लाका प्राथमिकता प्रदत्त बालीहरूको बारेमा जानकारी भएको थियो।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

लुम्बिनी प्रदेश सरकार

## ...जिल्लास्थित कार्यालयहरूबाट प्रस्तुत विवरण

कृषि ज्ञान केन्द्र, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, तालिम केन्द्र तथा प्रयोगशालाहरूबाट सञ्चालित कार्यक्रमहरूको हालसम्मको मुख्य-मुख्य उपलब्धि विवरण देहायबमोजिम रहेको छ।

...जिल्लास्थित कार्यालयहरूबाट सञ्चालित कार्यक्रमहरूको मुख्य-मुख्य उपलब्धिहरू

| ...नं. | कार्यालयको नाम | मुख्य-मुख्य उपलब्धिहरू |
|---|---|---|
| १ | कृषि विकास निर्देशनालय, बुटवल | ➢ कृषि तथा पशुपन्छी विकास मन्त्रालय र जिल्लास्थित कार्यालयहरूसँगको समन्वयमा बालीहरूको क्षेत्रफल र उत्पादन विवरण अद्यावधिक भएको,<br>➢ **अनुकुलित अनुसन्धान कार्यक्रम** : नवलपरासी, रूपन्देही, कपिलवस्तु जिल्लाका ६ वटा पालिकाहरूमा कोशेबाली अनुसन्धान कार्यक्रम खजुराबाट उन्मोचित ५ वटा र लोकल जातको मुसुरोको जातिय परीक्षण भइरहेको ।<br>➢ **प्रविधि प्रर्दशन कार्यक्रम** : मुसुरोको ३ वटा जातहरूमा राईजोवियमले उपचार गरेको र नगरेको तुलनात्मक प्रर्दशन सञ्चालन भइरहेको,<br>➢ **तालिम कार्यक्रम** : सहकारी बजारका संचालकहरूका लागि बजार व्यवस्थापन तालिम, संरक्षित संरचना भित्र खेती प्रविधि तालिम, कोल्डस्टोर सञ्चालन सम्बन्धी व्यवहारिक तालिम, पोष्ट हार्भेष्ट सम्बन्धी कृषकस्तर तालिम गरी जम्मा ४ वटा तालिम सञ्चालन गरिएको जसमा १०७ अगुवा कृषकहरू सहभागी भएका,<br>➢ **प्रविधि प्रर्दशन कार्यक्रम** : मुसुरोको ३ वटा जातहरूमा राईजोवियमले उपचार गरेको र नगरेको तुलनात्मक प्रर्दशन सञ्चालन भइरहेको,<br>➢ जिल्लास्थित कार्यालयहरूबाट सञ्चालन गरिने प्रविधि प्रर्दशन कार्यक्रमका लागि ४९ वटा प्रर्दशनको विषयमा सुझाव सहित सहमति/असहमति दिईएको<br>➢ नियमित रूपमा पाक्षिक भर्चुअल बैठक, भर्चुअल तालिम, बल्क एस.एम.एस, ईन्जिनियर सेवा, प्रविधि प्रसार तथा प्रकाशन लगायतका कार्यहरू भइरहेको, |
| २ | कृषि ज्ञान केन्द्र, नवलपरासी | ➢ सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम : २० हे. क्षेत्रफलमा आलुको क्षेत्र विस्तार भएको साथै मकै ४० हे. खायन र २१ हे. बीज वृद्धिको कार्यक्रम स्वीकृत भएको,<br>➢ बीज वृद्धि कार्यक्रम : २ हे. तोरी र ७५ हे. गहुँ गरी कुल ७७ हे. क्षेत्रफलमा बीज वृद्धी कार्यक्रम सञ्चालन भएको। |



(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

| सि.नं. | कार्यालयको नाम | मुख्य-मुख्य उपलब्धिहरू |
|---|---|---|
| | | ➢ बगर खेती कार्यक्रम : ३.३ हे. क्षेत्रफलमा तरवुजा खेती सञ्चालनमा रहेको, |
| ३ | कृषि ज्ञान केन्द्र, रूपन्देही | ➢ सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम : १६२ हे. क्षेत्रफलमा तोरीबालीको क्षेत्र विस्तार भइ करिव १६० मे.टन उत्पादन भएको,<br>➢ बीज वृद्धि कार्यक्रम : १३.५ हे. तोरी र १६.७६ हे. गहुँ गरी कुल ३०.२६ हे. क्षेत्रफलमा बीज वृद्धि कार्यक्रम सञ्चालन भएको।<br>➢ बीउ आलु वितरण कार्यक्रम : ०.४ हे. पि.वि.एस र ३४ हे. टि.पि.एस आलुको बीउ वितरण भइ अनुमानित ८४० मे.टन आलु उत्पादन भएको, |
| ४ | कृषि ज्ञान केन्द्र, कपिलवस्तु | ➢ बीज वृद्धि कार्यक्रम : २२.५ हे. क्षेत्रफलमा गहुँको प्रजनन बीउ वितरण भइ बीज वृद्धि कार्यक्रम सञ्चालन भइरहेको।<br>➢ माटो व्यवस्थापन कार्यक्रम : ५ वटा गडयौले मल उत्पादन प्रर्दशन सञ्चालनमा रहेको, |
| ५ | कृषि ज्ञान केन्द्र, पाल्पा | ➢ स्मार्ट कृषि गाउँ कार्यक्रम : रिब्दीकोट-६ ठिमुरेमा १२.५ हे. क्षेत्रफलमातरकारी स्मार्ट कार्यक्रम सञ्चालन भइ १०९ घरधुरी लाभान्वित भएका।<br>➢ महिला लक्षित उन्नत सीड कीट वितरण कार्यक्रम : मौसम अनुसारका उन्नत तथा हाईव्रीड तरकारीबालीका २५०० सीड कीट वितरण भइ २५०० घरधुरी लाभान्वित भएका। |
| ६ | कृषि ज्ञान केन्द्र, गुल्मी | ➢ बीज वृद्धि कार्यक्रम : १५ हे. तोरीको मूल बीउ र ३२ हे. गहुँको मूल गरी कुल ४७ हे. क्षेत्रफलमा बीज वृद्धी कार्यक्रम सञ्चालन भइरहेको।<br>➢ माटो व्यवस्थापन कार्यक्रम : ४ वटा गडयौले मल उत्पादन पीट निर्माण भइ करिव ३ मे.टन मल उत्पादन भएको,<br>➢ हिउँदे फलफूल बिरुवा वितरण कार्यक्रम : ४८०० किवीको बिरुवा वितरण भइ १२ हे. क्षेत्रफलमा क्षेत्र विस्तार भएको,<br>➢ मूल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम : टमाटर केचअप र अचार उत्पादनका लागि सहयोग भइ पहिलो चरणमा ३०० के.जी उत्पादन लिने लक्ष्य लिएको,<br>➢ आलुको बीउ उत्पादन स्रोत केन्द्र स्थापना कार्यक्रम : ६ हे. क्षेत्रफलमा जनक देव र कार्डीनलको पि.वि.एस तेस्रो पुस्ताको बीउ आलु लगाई करिव ९० मे.टन उत्पादन भएको,<br>➢ फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम : सुन्तला र लिंचीको बगैंचा काटछाँट गरी जैविक मल, वोर्डो पेष्ट, तथा अन्य सामग्रीको प्रयोगबाट करिब १५ हे. क्षेत्रफलमा बगैंचा सुधार भएको, |
| ७ | कृषि ज्ञान केन्द्र, अर्घाखाँची | ➢ बीज वृद्धि कार्यक्रम : १९.५ हे. क्षेत्रफलमा गहुँको मूल बीउ वितरण भइ बीज वृद्धि कार्यक्रम सञ्चालन भइरहेको। |



(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

| सि.नं. | कार्यालयको नाम | मुख्य-मुख्य उपलब्धिहरू |
|---|---|---|
| | | ➢ हिउँदे फलफूल बिरुवा वितरण कार्यक्रम : १ हे. क्षेत्रफलमा किवी र ५ हे. मा कलमी ओखरको बिरुवा वितरण भइ ६ हे. क्षेत्रफलमा हिउँदे फलफुलको क्षेत्र विस्तार भएको,<br>➢ बीउ आलु वितरण कार्यक्रम : ७६५० दाना कार्डिनल, जनकदेव र एम.एस ४२.३ जातको पि.वि.एस पहिलो पुस्ताको आलुको बीउ वितरण भइ ३ रोपनी क्षेत्रफलमा आलुको बीउ उत्पादन भइरहेको, |
| ८ | कृषि ज्ञान केन्द्र, रोल्पा | ➢ महिला लक्षित उन्नत सीड कीट वितरण कार्यक्रम : मौसम अनुसारका उन्नत तथा हाईब्रीड तरकारीबालीका १००० सीड कीट वितरण भइ १००० घरधुरी लाभान्वित भएका। |
| ९ | कृषि ज्ञान केन्द्र, दाङ | ➢ महिला लक्षित उन्नत सीड कीट वितरण कार्यक्रम : मौसम अनुसारका उन्नत तथा हाईब्रीड तरकारीबालीका १००० सीड कीट वितरण भइ १००० घरधुरी लाभान्वित भएका।<br>➢ बीज वृद्धि कार्यक्रम : ३० हे. क्षेत्रफलमा गहुँको मूल बीउ वितरण भइ बीज वृद्धि कार्यक्रम सञ्चालन भइरहेको। |
| ० | कृषि ज्ञान केन्द्र, बाँके | ➢ सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम : ९२.५ हे. क्षेत्रफलमा मुसुरोको क्षेत्र विस्तार,<br>➢ ठुला सिंचाइ आयोजनाहरूको कमाण्ड क्षेत्रमा बाली सघनता वृद्धि कार्यक्रम : ८० हे. मुसुरो र ३२ हे. क्षेत्रफलमा तोरी बालीको क्षेत्र विस्तार भएको,<br>➢ बीज वृद्धि कार्यक्रम : २० हे. गहुँ, २ हे. मुसुरो र २ हे. आलु गरी कुल २४ हे. क्षेत्रफलमा बीज वृद्धि कार्यक्रम सञ्चालन भइरहेको।<br>➢ महिला लक्षित उन्नत सीड कीट वितरण कार्यक्रम : मौसम अनुसारका उन्नत तथा हाईब्रीड तरकारीबालीका ५०० सीड कीट वितरण भइ ५०० घरधुरी लाभान्वित भएका। |
| १ | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान | ➢ नार्क सँगको समन्वयमा गहुँको जातिय प्रवर्द्धन तथा प्रर्दशन कार्यक्रम : १६० जातका गहुँबालीको जातिय प्रवर्द्धन तथा प्रर्दशन कार्यक्रम सञ्चालन भइरहेको।<br>➢ महिला लक्षित उन्नत सीड कीट वितरण कार्यक्रम : मौसम अनुसारका उन्नत तथा हाईब्रीड तरकारीबालीका ५०० सीड कीट वितरण भइ ५०० घरधुरी लाभान्वित भएका। |
| २ | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम | ➢ बीज वृद्धि कार्यक्रम : ७ हे. क्षेत्रफलमा तोरीको मूल बीउ वितरण भइ अनुमानित ३.५ मे.टन उन्नत बीउ उत्पादन भएको।<br>➢ प्रविधि प्रर्दशन कार्यक्रम : ५ रोपनी क्षेत्रफलमा प्लाष्टिक मल्चिङ सहितको उन्नत खेती प्रविधि प्रर्दशन कार्यक्रम सञ्चालन भइरहेको। |

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

| सि.नं. | कार्यालयको नाम | मुख्य-मुख्य उपलब्धिहरू |
|---|---|---|
| | | ➢ महिला लक्षित उन्नत सीड कीट वितरण कार्यक्रम : मौसम अनुसारका उन्नत तथा हाईब्रीड तरकारीबालीका ६३० सीड कीट वितरण भइ ६३० घरधुरी लाभान्वित भएका। |
| १३ | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दिया | ➢ सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम : १५० हे. तोरी र १०० हे. क्षेत्रफलमा मुसुरोको क्षेत्र विस्तार भएको,<br>➢ महिला लक्षित उन्नत सीड कीट वितरण कार्यक्रम : मौसम अनुसारका उन्नत तथा हाईब्रीड तरकारीबालीका ५०० सीड कीट वितरण भइ ५०० घरधुरी लाभान्वित भएका। |
| १४ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा | ➢ कृषकस्तर तालिम : व्यवसायिक पुष्प खेती, व्यवसायिक लसुन प्याज खेती, आलु बीउ उत्पादन तथा बजारीकरण, सिताके च्याउ उत्पादन र हाईब्रिड मकै उत्पादन विषयक गरी जम्मा ५ वटा तालिममा कुल ९५ जना कृषक सहभागी भएका,<br>➢ कर्मचारीस्तर तालिम : अधिकृतस्तर कर्मचारी क्षमता अभिवृद्धि तालिम र सहायकस्तर खाद्यान्न बीउ उत्पादन गरी २ वटा तालिममा प्रदेश र स्थानीयतहका गरी ३९ जना प्राविधिक कर्मचारी सहभागी भएका। |
| १५ | बाली संरक्षण प्रयोगशाला, खजुरा | ➢ बाली उपचार शिविर : ८ वटा सञ्चालन गरी ३०८ जना कृषक लाभान्वित भएका,<br>➢ फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम : गुल्मी जिल्लामा सुन्तलाको बगैंचा काटछाँट गरी शुक्ष्म खाद्यत्व, वोर्डो पेष्ट, तथा अन्य सामग्रीको प्रयोगबाट करिब ४ हे. क्षेत्रफलमा बगैंचा सुधार भएको,<br>➢ वानस्पतिक विषादी उत्पादन कार्यक्रम : १६१ लि. वानस्पतिक विषादी उत्पादन भइ कीरा व्यवस्थापनमा वितरण भएको साथै प्रभावकारीता अध्ययनको लागि जिल्ला स्थित कार्यालयहरूमा पठाईएको, |
| ६ | बीउ विजन प्रयोगशाला, भैरहवा | ➢ बीउ बाली निरीक्षण : धान, मकै, तोरी, मुला गरी ७८४ हे. क्षेत्रफलमा बीउ बाली निरीक्षण,<br>➢ बीउ नमूना परीक्षण : धान, मकै, गहुँ, आदी गरी कुल ७७८ वटा बीउ नमूना परीक्षण भएको,<br>➢ बीउ प्रमाणीकरण : ४५९ मे.टन गहुँको बीउ प्रमाणीकरण भएको |
| ७ | बीउ विजन प्रयोगशाला, खजुरा | ➢ बीउ बाली निरीक्षण : धान, मकै, तोरी, मुला गरी ४२९ हे. बीउ बाली निरीक्षण भएको,<br>➢ बीउ नमूना परीक्षण : धान, मकै, गहुँ, आदी गरी कुल ५६२ वटा बीउ नमूना परीक्षण भएको,<br>➢ बीउ प्रमाणीकरण : ८७ मे.टन गहुँको बीउ प्रमाणीकरण भएको |
| ८ | माटो तथा मल परीक्षण प्रयोगशाला, खजुरा | ➢ माटो नमुना परीक्षण : विभिन्न जिल्ला तथा प्रयोगशाला गरी जम्मा ५७३ वटा माटो नमूना परीक्षण भएको जसमा ५१.५ प्रतिशत अम्लिय, ४३.५ प्रतिशत तटस्थ र ५ प्रतिशत क्षारिय रहेको,<br>➢ १८ जना कृषि प्राविधिकहरूले माटो परीक्षण मेसिन सञ्चालन सम्बन्धी तालिम प्राप्त गरेका,<br>➢ ३२ जना कृषि प्राविधिकहरूले कीटवक्स विधिबाट माटो परीक्षण सम्बन्धी तालिम प्राप्त गरेका, |



(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

| .नं. | कार्यालयको नाम | मुख्य-मुख्य उपलब्धिहरू |
|---|---|---|
| ९ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ | ➢ ५४ वटा पशुमा बाँझोपनको उपचार गरिएको र ३९ वटा पशुमा सफलता<br>➢ राप्ती गा.पा.मा२९९ र तुल्सीपुर १८ नं. वडामा १७० वटा गरी ४६९ कुकुरः भाले ३०७ पोथी १६२ मा spaying गरिएको।<br>➢ गाईगोरु-१३५, भैसी/राँगा-१०५, भेडा/बाखा-७५३, संगुर/वंगुर-९६, कुखुरा/हाँस- १२२९, कुकुर- ५ गरी जम्मा पशु संख्या —२३२३<br>➢ कृत्रिम गर्भाधान सेवाः गाई-६८२, भैसी-६२४,बाखा-१४ गरी जम्मा १३२० मा सम्पन्न भएको |
| ० | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपरासी | ➢ परजीवि नियन्त्रण-२९८<br>➢ पशु स्वास्थ्य उपचार-७५५<br>➢ खोप सेवा-४३०७९<br>➢ प्रयोगशाला सेवा-३०४<br>➢ बन्ध्याँकरण-८०<br>➢ कृत्रिम गर्भाधान सेवा- ८८१५, ५२% सफलता भएको।<br>➢ बाँझोपनको समाधानमा टेवा पुगेको।<br>➢ फर्म विस्थापितहुनबाट रोक्न केही हद सम्म टेवा पुगेको।<br>➢ दुध उत्पादन बृद्धि हुने। |
| १ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा | ➢ स्थानीय तहका प्राविधिकसँग अन्तरक्रिया गोष्ठी सम्पन्नः २ पटक<br>➢ पशु स्वास्थ्य शिवीर सम्पन्नः १ वटा, १८६ घरधुरीका २९८७ पशु पन्छीलाई सेवा प्रदान।<br>➢ डोर टु डोर कार्यक्रम सम्पन्नः १ वटा, ३० घरधुरीका ५२ वटा समस्यायुक्त पशुमा सेवा दिईएको।<br>➢ सरोकारवालासँग अन्तरकृया गोष्ठीः कृषक सचेतना कार्यक्रम-१ र अगुवा कृषक तालिम -२ गरी जम्मा ३ वटा सम्पन्न भएको।<br>➢ विश्व रेविज दिवश र पशुपंक्षी दिवश १/१ गोटा सम्पन्न भएको।<br>➢ कृ.ग. संजाल गठन गरी १ गोटा बैठक सम्पन्न भएको।<br>➢ ४६ गोटा मासु तथा डेरी पसलहरू र ह्याचरीको अनुगमन सम्पन्न भएको।<br>➢ भ्याक्सिनेटर अभिमुखीकरण २ वटा सम्पन्न भएको।<br>➢ हाल सम्म २०५० गोटा पशुहरुमा एल. एस. डी. खोप लगाईएको। |

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

ार्यक्रम सञ्चालनको क्रममा देखिएका समस्या तथा समाधानको लागि गरिएका प्रयासहरू

| सि.नं. | कार्यालयको नाम | आयोजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू | समस्या समाधान गर्न गरिएका प्रयासहरू | समस्या समाधानका लागि सुझाव |
|---|---|---|---|---|
| १ | कृ.ज्ञा.के., नवलपरासी | कार्यविधि अनुसार एउटै क्लष्टरमा ८० हे. क्षेत्रफल मापदण्ड रहेकोले आलु ब्लक कार्यक्रम सञ्चालनमा समस्या | स्थानीय तहको समन्वयमा कृषकहरूसँग सञ्चालनको लागि छलफल गरिएको, | आलुबालीको स्थानमा धानबालीको ब्लक सञ्चालन गर्न सकिने। |
| २ | कृ.ज्ञा.के., रूपन्देही | ➢ अनुदान प्रतिशतमा भिन्नता,<br>➢ तथ्याङ्क अध्यावधिक गर्नमा समस्या, | स्थानीय तहरूसँग समन्वय भइरहेको, | |
| ३ | कृ.ज्ञा.के., अर्घाखाँची | बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको लागि तरकारी बालीमा क्षेत्रफल २० हेक्टर पुर्याउनु पर्ने मापदण्ड भए अनुसार पहाड जिल्लामा प्रत्येक कलष्टर ४ हे. पुर्याउन समस्या, | | पडाडी जिल्लाको लागि क्षेत्रफल कम गर्न आवश्यक देखिएको, |
| ४ | कृ.ज्ञा.के., रोल्पा | जनशक्तिको तुलनामा कार्य वोझ बढी भएको, | पदपुर्तिको लागि तालुक निकायमा पत्राचार एवं अनुरोध गरिएको, | दरवन्दी अनुसारको कर्मचारी पदपूर्ति हुनुपर्ने, |
| ५ | ए.कृ.प.वि.का., बर्दिया | ➢ न्यून जनशक्ती<br>➢ निरन्तर कार्यक्रम र कार्यविधि फरक फरक हुने | मन्त्रालयमा मौखिक अनुरोध गराएको, | ➢ कार्यालयको पुनर्संरचना गरी विषयगत कर्मचारी थप गर्नु पर्ने आवश्यक देखिएको,<br>➢ कृषि अनुदान सम्बन्धी ऐन निर्माण गरी सोही अनुरुप कार्यविधि तयारी हुन आवश्यक देखिएको,<br>➢ नीति र कार्यक्रम समेत अध्ययन र समीक्षा हुनु पर्ने, |
| ६ | बाली संरक्षण प्र., खजुरा | ➢ प्रदेशको छुट्टै जोखिम भत्ता सम्बन्धी निर्देशिका नभएको | ➢ जोखिम भत्ताको निर्देशिकाको ड्राफ्ट प्रदेशमा रहेका सबै ल्यावहरूको समन्वयबाट तयार भएको, | ➢ निर्देशिका पारित गर्न आवश्यक देखिएको,<br>➢ प्रदेश विषादी ऐन निर्माण गर्न आवश्यक देखिएको, |



(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

| सि.नं. | कार्यालयको नाम | आयोजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू | समस्या समाधान गर्न गरिएका प्रयासहरू | समस्या समाधानका लागि सुझाव |
|---|---|---|---|---|
| | | ➢ ओइलाउने रोग (टि. आर ४) रोग व्यवस्थापनमा समस्या<br>➢ प्रदेश विषादी ऐन नआएकोले अनुगमन तथा निरीक्षण गर्न कठिनाई तथा खुद्रा विषादी विक्रेताको इजाजतपत्र नविकरण गर्न समेत काठमाण्डौं जानुपर्ने बाध्यता, | ➢ प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र तथा प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गतका विभिन्न कार्यालयबाट सचेतनामुलक बैठक, अन्तरक्रिया, सामाग्री प्रकाशन, रेडियो जिंगल, केरा बँगैचाको अनुगमन, | |
| ७ | बीउ विजन प्र., भैरहवा | ➢ स्थानीय जात सूचीकृत नहुँदा बीउ उत्पादन तथा प्रमाणीकरण गर्न नसकिएको,<br>➢ बीउको गुणस्तर नियन्त्रण प्रणालीमा सम्बन्धित सरोकारवाला निकायहरूलाई जिम्मेवार बनाउन नसकिएको,<br>➢ बीउ व्यवसायीहरूलाई विक्री वितरण सम्बन्धी ईजाजत पत्र दिने प्रयोजनको लागि तालिम सञ्चालनमा समस्या | ➢ स्थानीय समूह/ सहकारीको समन्वयमा स्थानीय स्तरमै जातहरूको संरक्षण भइरहेको,<br>➢ सरोकारवाला निकायलाई गुणस्तर सुधारका लागि अन्तरक्रिया गरिएको,<br>➢ प्रयोगशालामा २ जना करार प्राविधिकबाट कार्यक्रम सञ्चालन गरिएको,<br>➢ बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र सँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिएको, | ➢ जातहरूको सूचीकृत गर्न प्रदेश बीउ विजन समिति गठन हुनुपर्ने,<br>➢ स्थानीय जात संरक्षण गर्ने आवश्यक देखिएको,<br>➢ निजी क्षेत्रमा बाली निरीक्षक तथा विश्लेषकको परीक्षा सञ्चालन गरी बाली निरीक्षक/ विश्लेषक नियुक्ति गर्दा उपयुक्त हुने,<br>➢ जनशक्ति अभाव भएकोले अर्को व्यवस्था नभएसम्मको लागि करार/ कामकाजमा कर्मचारीको व्यवस्था गर्दा उपयुक्त हुने,<br>➢ प्रदेश स्तरीय बीउ विजन ऐन संशोधन, प्रदेश बीउ विजन व्यवस्थापन समिति गठन तथा प्रदेश बीउ विजन नियमावली तयारी गरी लागू गर्न उपयुक्त हुने, |
| ८ | मा.म.प.प्र., खजुरा | ➢ प्राङ्गारिक मल परीक्षण तथा विश्लेषण जनशक्ति कार्यरत नहुनु<br>➢ जोखिम भत्ता व्यवस्थापनमा समस्या | | रासायनिक मल नियन्त्रण आदेश २०५५ बमोजिम मल परीक्षण/विश्लेषण गर्नको लागि रसायन शास्त्रमा स्नात्तकोत्तर गरेको वा वि.एस. सि. एजी गरी मल परीक्षण तथा विश्लेषण तालिमको आवश्यक देखिएको, |



(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

| सि.नं. | कार्यालयको नाम | आयोजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू | समस्या समाधान गर्न गरिएका प्रयासहरू | समस्या समाधानका लागि सुझाव |
|---|---|---|---|---|
| | | | | ➢ जोखिम भत्ता व्यवस्थापन सम्बन्धी निर्देशिका बनाउन आवश्यक रहेको, |
| ९ | बीउ विजन प्रयोगशाला, खजुरा (नीतिगत तथा कार्यगत सुझावहरू)<br>➢ बीउ विजन ऐन २०४५ (दोस्रो संशोधन २०७९) अनुसार प्रदेशमा बीउ विजन नियमनका कार्यहरूलाई प्रभावकारी बनाउनुपर्ने. यसका लागि प्रदेशमा बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रको सचिवालयको आवश्यक देखिएको,<br>➢ प्रयोगशालामा भविष्यमा बीउ रोग पहिचानका साथै च्याउ, घाँस बीउ विजनहरूमा समेत हेर्नुपर्ने भएकाले बाली विकास अधिकृतका साथै थप दरबन्दी बीउ रोग विज्ञ र बागवानी विज्ञहरू आवश्यक पर्ने।<br>➢ कार्यरत जनशक्ती हरूलाइ बीउ विजन परीक्षणका नयाँ अद्यावधिक तालिमहरू आवश्यक पर्ने।<br>➢ बीउ भन्नासाथ स्रोत यकिन भएको र गुणस्तर लेवल अनिवार्य भएको हुनुपर्ने। साथै बाली निरिक्षणलाइ क्रमश अनिवार्य गर्दै लैजान उपयुक्त हुने।<br>➢ स्थानीयतहहरूका प्राविधिकलाई क्षमता अभिबृद्धि तालिम तथा गोष्ठीहरूमा सहभागि गराइनुपर्ने।<br>➢ मूलबीउलाइ निजीक्षेत्रमा अनुमति लिइ उत्पादन गर्ने व्यवस्था भैसकेकाले सरकारी फार्मकेन्द्रहरूले प्रजनन बीउ उत्पादनमै केन्द्रित हुने व्यवस्था मिलाउन उपयुक्त हुने।<br>➢ जथाभावी मूल बीउ उत्पादन अनुमति पत्र दिने कार्य बन्द गरी अनुभवी उत्पादकहरूलाई प्रर्याप्त प्रजनन बीउ आपूर्ति सुनिश्चित गर्न उपयुक्त हुने।<br>➢ बीउ मूल्यमा एकरूपता/ निर्धारणका लागि सरकारी तवरमा व्यवस्था गर्न उपयुक्त हुने, | | | |

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

## पुरस्कार वितरण कार्यक्रम

मिति २०८० पौष ५ देखि १८ गते सम्म रूपन्देही, बुटवलमा सञ्चालन भएको लुम्बिनी एक्स्पो-२०८० अन्तराष्ट्रिय व्यापार मेला सञ्चालनको क्रममा जिल्लास्थित बालीवस्तुहरूको प्रर्दशन/प्रतियोगितामा समग्र जिल्लाको तर्फबाट उत्कृष्ट संयोजन गर्नु भएकोमा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम (पुर्व) लाई सर्वोत्कृष्ट जिल्लाको रूपमा गोष्ठीका अध्यक्ष एवं प्रमुख अतिथिबाट मायाको चिनो सहित सम्मान गरिएको थियो। त्यसैगरी कृषि विकास निर्देशनालयको चालू आ.व. २०८०/८१ स्वीकृत वार्षिक कार्यक्रम अनुसार वार्षिक पुस्तिकाको मूल्याङ्कन तथा पुरस्कार वितरण कार्यक्रम अन्तर्गत निर्देशनालयले उपलब्ध गराएको उपयुक्त ढाँचा र मूल्याङ्कनका विभिन्न आधारहरूमा रही छनोट भएका तीन वटा कार्यालयहरूमा प्रथम- कृषि ज्ञान केन्द्र, गुल्मी, द्वितीय- बीउ विजन प्रयोगशाला, भैरहवा र तृतीय- कृषि ज्ञान केन्द्र, पाल्पालाई प्रमाण पत्र सहित पुरस्कार वितरण गरिएको थियो।

## प्रगति समीक्षाबाट प्राप्त सुझावहरू

- मातहतका कार्यालयहरूको समीक्षा विस्तृत रूपले गर्न नपाइएको हुँदा प्रगति समीक्षा कार्यक्रम २ दिने राख्दा उपयुक्त हुने।
- कर्मचारी अभावले गर्दा कार्यालयको काममा बाधा परिरहेको हुँदा दरबन्दी अनुसार पदपूर्तिको व्यवस्था गरिनु पर्ने।
- प्रतिफलमा आधारित अनुदान रकम वितरणलाई व्यवस्थित गराई सबै कृषकहरूलाई समेटिन ध्याद दिनु पर्ने।
- विभिन्न महामारी जन्य रोगको विरुद्ध पर्याप्त खोप प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गरिनुपर्ने। सङ्घीय सरकारको भर पर्दा खोप कार्यक्रम प्रभावकारी हुन नसकिरहेको परिपेक्षमा प्रदेश सरकारले स्वयम् खोपको व्यवस्था गर्न सक्ने गरी मन्त्रालय वा निर्देशनालयमा एकमुस्ट खोपको लागि बजेट व्यवस्था गर्नु पर्ने।
- कृषकलाई प्राविधिक सहयोग पुर्याउने प्रकृतिका अधिकतम कार्यक्रमहरू सञ्चालन गर्ने गरी बजेट तथा कार्यक्रमहरू सञ्चालन गर्ने।
- पशु रोग अन्वेषण प्रयोगशालालाई पूर्ण रूपमा सञ्चालन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नु पर्ने।

## कार्यक्रम समापनका क्रममा माननीय मन्त्री र श्रीमान सचिवबाट भएका निर्देशनहरू

**माननीय मन्त्रीबाट भएको निर्देशन**

- गत वर्षको समीक्षाबाट आगामी दिनमा सञ्चालन गरिने कार्यक्रहरूमा सुधार गर्नु पर्ने,
- रासायनिक मलको अभावबाट हुने समस्यालाई कम गर्न विकल्पको बारेमा सोच्नुपर्ने,
- कृषकहरूको माग र बाली वस्तुको उत्पादनको अवस्था र Potentiality अनुसार योजना निर्माण गर्नुपर्ने,
- जिल्लाहरूबाट सञ्चालन गरिने कार्यक्रम/क्रियाकलापहरूलाई समयमै प्रक्रिया अगाडि बढाइ भुक्तानी प्रक्रियालाई असार महिना अगाडि नै गर्ने गरी सञ्चालन गर्नुपर्ने लगायतका विषयहरूमा निर्देशन भएको थियो।



(युवराज ढकाल)

**श्रीमान सचिवबाट भएको निर्देशन**

- कार्यक्रम कार्यान्वयनको चरणमा नीति तथा बजेट वक्तव्यमा भएका कार्यक्रमहरूलाई बढी महत्व दिनुपर्ने,
- खेती गरिएको क्षेत्रफललाई विस्तार गर्न खेतीयोग्य जग्गाको स्रोत प्रसस्त रहेकोले बाँझो जग्गालाई सदुपयोगमा ल्याउन आवश्यक रहेको,
- बार्हैं महिना सिंचित हुने जग्गाको क्षेत्रफल कमीनै रहेकोले क्षेत्र विस्तार गर्न सिंचाइ सहितको कार्यक्रमलाई विस्तार गर्न उपयुक्त रहेको,
- रासायनिक मल वितरणलाई परिष्कृत गर्दै प्राथमिक तोकिएका बालीहरूलाई महत्व दिई वितरण प्रक्रियालाई अगाडि बढाउनुपर्ने,
- आगामी वर्षको प्रस्तावित कार्यक्रम प्रस्ताव गर्दा सबै जिल्लास्थित कार्यालयहरूले जिल्लामा रहेका उद्योगी कृषक एवं अति गरीब र गरीब कृषकहरूलाई संवोधन हुने किसिमका कार्यक्रमहरू प्रस्ताव गर्नुपर्ने,
- नियमित रूपमा नियमनका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने लगायतका विषयमा निर्देशन भएको भएको थियो।

प्रतिवेदक
(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

परिशिष्ट- २ गोष्ठीका केही झलकहरू










पुरस्कार वितरण तथा सम्मान कार्यक्रम





